# विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धी सम्मेलन, प्रदर्शनी तथा स्टार्टअप ह्याकाथोन अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

आ.व.२०८२/८३

## विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धी सम्मेलन, प्रदर्शनी तथा स्टार्टअप ह्याकाथोन अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना:**

आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमको क्रियाकलाप नं. १.३.५.२९ लाई कार्यान्वयन गर्न,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धी सम्मेलन, प्रदर्शनी तथा स्टार्टअप ह्याकाथोन अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखी प्रारम्भ हुनेछ र २०८३ सालको असार मसान्तसम्म कायम रहनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धी सम्मेलन, प्रदर्शनी, स्टार्टअप ह्याकाथोन लगायतका अनुदान कार्यक्रम चालु आ.व. को ब.उ.शी.नं. ३५०००११ क्रियाकलाप नं १.३.५.२९ खर्च शीर्षक २६४१३ को कार्यक्रम सम्झनु पर्छ।

(ग) "सम्मेलन" भन्नाले नवीनतम वैज्ञानिक उपलब्धिहरू तथा अनुसन्धानका नतिजाहरू सम्बन्धी प्रस्तुति, छलफल तथा ज्ञान आदानप्रदान गर्ने उद्देश्यले नेपालमा आयोजना हुने विज्ञान तथा प्रविधिसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको सम्मेलन सम्झनु पर्छ।

(घ) "प्रदर्शनी" भन्नाले नेपालमा आयोजना हुने विज्ञान तथा प्रविधिसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी सम्झनु पर्छ।

(ङ) "स्टार्टअप ह्याकाथोन" भन्नाले निश्चित समयसीमाभित्र व्यक्ति वा समूहले व्यक्तिगत वा सामूहिक क्रियाकलापमा संलग्न भई नवप्रवर्तन सम्बन्धी चुनौतीहरूमा केन्द्रित रही समाधान, नमूना

(prototype) वा अवधारणा (concept) विकास गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रमलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्देश्य

३. **उद्देश्यः** यस कार्यविधि कार्यान्वयनका प्रमुख उद्देश्य देहाय बमोजिम रहेका छन् :-

(क) नेपाल सरकारको १६औं योजनामा उल्लिखित विज्ञान प्रवर्द्धन, नवप्रवर्तन, डिजिटल रूपान्तरण तथा उद्यमशीलता प्रोत्साहन सम्बन्धी रणनीतिहरूलाई हासिल गर्ने सम्बन्धी कार्य गर्नु।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सम्मेलन, प्रदर्शनी र स्टार्टअप ह्याकाथोन मार्फत अनुसन्धान, प्रविधि हस्तान्तरण, नवप्रवर्तन तथा नयाँ उद्यमहरूको विकासलाई प्रोत्साहन गर्नु।

(ग) विश्वविद्यालय, अनुसन्धान संस्था, उद्योग तथा निजी क्षेत्रसँग सहकार्य गर्दै वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनलाई उद्यमशीलतासँग जोड्नु।

(घ) नवीन विचार, स्टार्टअप मोडल तथा प्रोटोटाइप प्रस्तुति तथा प्रदर्शनीका लागि प्रोत्साहन गर्नु।

(ङ) अन्तर्राष्ट्रियस्तरमा नेपाली वैज्ञानिक, अनुसन्धानकर्ता र उद्यमीहरूलाई जोड्ने र सहकार्य विस्तारको लागि आधार निर्माण गर्नु।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालनका क्षेत्र, निवेदन तथा अनुदान स्वीकृति

४. **कार्यक्रम सञ्चालनका क्षेत्रः** विज्ञान, प्रविधि र नवप्रवर्तनसँगै उद्यमशीलता प्रोत्साहन तथा नयाँ प्रविधिको विकास र प्रवर्द्धनलाई मूख्य क्षेत्रका रूपमा लिएर सम्मेलन, प्रदर्शनी, स्टार्टअप ह्याकाथोन कार्यक्रम कार्यान्वयन गरिनेछ।

५. **निवेदनको सूचना प्रकाशन तथा निवेदन पेश गर्नु पर्नेः** (१) मन्त्रालयले कार्यक्रम सञ्चालनको लागि सार्वजनिक सूचना जारी गर्नेछ ।

(२) दफा ४ बमोजिमका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धी सम्मेलन, प्रदर्शनी, स्टार्टअप ह्याकाथोन कार्यक्रम आयोजना संस्थाले अनुसूची-१ बमोजिमको विवरण तथा देहायका कागजातहरू सहित आर्थिक सहयोगका लागि मन्त्रालय समक्ष निवेदन पेश गर्नु पर्नेछ।

(क) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि

(ख) अद्यावधिक वा नवीकरण गरिएको प्रमाण

(ग) सम्मेलन वा प्रदर्शनी वा स्टार्टअप ह्याकाथोन आयोजना तथा सहभागी छनौटको विवरण

(३) आयोजक संस्थाले सम्मेलन वा प्रदर्शनी वा स्टार्टअप ह्याकाथोन सञ्चालन गर्न अगावै मन्त्रालयमा निवेदन पेश गर्नु पर्नेछ। कार्यक्रम सम्पन्न भएपछि प्राप्त हुने निवेदन उपर कुनै कारवाही हुने छैन।

६. **अनुदान रकम स्वीकृतिः** (१) प्राप्त निवेदनको अध्ययन गरी उपयुक्त देखिएमा मन्त्रालयले अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णय मन्त्रालयले अनुदान सहयोग रकम समेत खुलाई आयोजक संस्थालाई अनुदान रकम स्वीकृतिको जानकारी गर्नेछ।

७. **अनुदान रकमको सीमाः** (१) सम्मेलन वा प्रदर्शनी वा स्टार्टअप ह्याकाथोन आयोजनाका लागि आयोजक संस्थालाई प्रदान गरिने अनुदान रकमको अधिकतम सिमा देहाय बमोजिम हुनेछः-

| क्र.स | कार्यक्रम | परिमाण | प्रत्येक आयोजक संस्थालाई प्रति कार्यक्रम प्रदान गरिने अनुदानको अधिकतम सिमा (रू) |
|---|---|---|---|
| १ | Graduate Conference | १ | ५,००,००० |
| २ | राष्ट्रिय स्तरको सम्मेलन वा प्रदर्शनी वा स्टार्टअप ह्याकाथोन | २० | २,००,००० |
| ३ | अन्तराष्ट्रिय स्तरको सम्मेलन वा प्रदर्शनी वा स्टार्टअप ह्याकाथोन | ५ | ३,००,००० |

(२) दफा १ बमोजिमको आयोजक संस्थालाई प्रदान गरिने अनुदान रकमको निर्क्योल मन्त्रालयको निर्णय बमोजिम हुनेछ ।

(३) अनुदान रकम अपुग भएको अवस्थामा मन्त्रालयले सबै भन्दा पहिले निवेदन प्राप्त भएको कार्यक्रम आयोजनाका लागि प्राथमिकता दिई अनुदान रकम प्रदान गर्ने गरी निर्णय गर्न सक्नेछ ।

८. **आयोजक संस्थाले पूरा गर्नु पर्ने शर्तः** (१) मन्त्रालयबाट अनुदान प्राप्त गर्न आयोजक संस्थाले देहाय बमोजिमको शर्त पूरा गर्नुपर्नेछः-

(क) दफा ५ बमोजिम मन्त्रालय समक्ष पेश गरेको निवेदनको आधारमा रही सम्मेलन वा प्रदर्शनी वा स्टार्टअप ह्याकाथोन सञ्चालन गर्नुपर्नेछ।

(ख) सम्मेलन वा प्रदर्शनी वा स्टार्टअप ह्याकाथोन सम्पन्न भएको ३५ दिनभित्र अनुसूची-२ बमोजिमका ढाँचामा कार्य सम्पन्नता भएको प्रतिवेदन मन्त्रालयमा बुझाउनुपर्नेछ।

(ग) सम्मेलन वा प्रदर्शनी वा स्टार्टअप ह्याकाथोन आयोजना गर्दा सहभागीको अन्तिम छनौट तथा मूल्याङ्कनमा सम्भव भएसम्म मन्त्रालयको प्रतिनिधिलाई मूल्याङ्कन समितिमा समावेश गराउनु पर्नेछ।

(घ) मन्त्रालयबाट प्रदान गरिने अनुदान रकम आयोजक संस्थाले कार्यक्रम सञ्चालन गर्न लाग्ने खर्च तथा विजेताको पुरस्कार रकमका लागि मात्र प्रयोग गर्नु पर्नेछ।

(ङ) अन्तर्राष्ट्रिय स्तरको कार्यक्रमका लागि भिसा तथा सुरक्षा सम्बन्धी व्यवस्थापनको जिम्मेवारी आयोजक संस्थाको हुनेछ।

(च) अन्तर्राष्ट्रिय स्तरको सम्मेलन, प्रदर्शनी तथा स्टार्टअप ह्याकाथोनका लागि विदेशी विज्ञ वा सहभागी टोली वा सह-आयोजक संस्था समावेश भएको हुनुपर्नेछ।

(छ) सम्मेलन सम्पन्न भए पछि प्रकाशन हुने प्रतिवेदन (Publications, Proceedings, Annual Report) को एक प्रति मन्त्रालयमा उपलब्ध गराउनुपर्नेछ।

९. **<u>अनुदान रकमको भुक्तानीः</u>** (१) आयोजक संस्थाले सम्मेलन, प्रदर्शनी वा स्टार्टअप ह्याकाथोन कार्यक्रम आ.व. २०८२/८३ असार मसान्त भित्र सम्पन्न गरी कार्य सम्पन्नता प्रतिवेदन, बिल भरपाई तथा अन्य आवश्यक कागजात मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) आयोजक संस्थाले उदफा(१) बमोजिम आवश्यक कागजात पेश गरे पश्चात प्रचलित कानून बमोजिम आयोजक संस्थाको बैङ्क खातामा रकम भुक्तानि गरिने छ।

## परिच्छेद-४

## आयोजक संस्थाको दायित्व तथा खर्चको मापदण्ड

१०. **<u>अनुदान प्राप्त गर्ने संस्थाको दायित्वः</u>** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने संस्थाले कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) सम्मेलन सम्बन्धीमा अनुसन्धानकर्ता वा विद्यार्थीहरूका लागि विशेष सम्मेलन आयोजना गरी तिनका अनुसन्धान, परियोजना र नवीन विचारलाई प्रस्तुत गर्ने प्लेटफर्म उपलब्ध गराउने, साथै त्यसलाई पारदर्शी तरिकाले सञ्चालन गर्ने,

(ख) प्रदर्शनीको सम्बन्धीमा विज्ञान, प्रविधि तथा नवप्रवर्तन क्षेत्रमा भएका अनुसन्धान, प्रोटोटाइप, उत्पादन तथा सिर्जनात्मक विचारहरूलाई सार्वजनिक रूपमा प्रस्तुत गर्न प्लेटफर्म उपलब्ध गराउने, साथै त्यसलाई पारदर्शी तरिकाले सञ्चालन गर्ने,

(ग) स्टार्टअप ह्याकाथोन सम्बन्धीमा विद्यार्थी, अनुसन्धानकर्ता तथा उद्यमशील युवाहरूलाई निश्चित समयसीमाभित्र समस्या समाधान, डिजाइन र नवप्रवर्तन गतिविधिमा संलग्न गराई व्यावहारिक समाधान, प्रोटोटाइप वा स्टार्टअप आइडियाहरू विकास गर्न प्रतिस्पर्धा सञ्चालन गर्ने, साथै त्यसलाई पारदर्शी तरिकाले सञ्चालन गर्ने,

११. **खर्चको मापदण्डः** आयोजक संस्थाले कार्यक्रम सञ्चालन गर्न लाग्ने खर्चको मापदण्ड तथा भुक्तानी प्रचलित कानून बमोजिम हुनेछ।

१२. **अनुदान सहयोग उपलब्ध नहुनेः** (१) यस कार्यविधि बमोजिम अनुदान सहयोगका लागि स्वीकृत भएका संस्थाले चालु आर्थिक वर्षको असार बीस गतेभित्र सम्पादित कार्यक्रमको प्रतिवेदनसहित भुक्तानीका लागि निवेदन नदिएमा अनुदान रकम भुक्तानी हुने छैन।

(२) कुनै संस्थाले प्रचलित कानून विपरीत कार्य गरेको अवस्थामा मन्त्रालयले भुक्तानी सम्बन्धी कुनै वा सबै रकम रोक्का गर्ने वा भुक्तानी नहुने निर्णय गर्न सक्नेछ।

(३) यस कार्यविधि तथा मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रमको क्रियाकलाप नं. १.३.५.२९ बमोजिम विनियोजित बजेटबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मेलनमा व्यक्तिगत रूपमा सहभागी हुन कुनै पनि व्यक्तिलाई रकम उपलब्ध गराईने छैन।

**१३. लेखापरीक्षणः** (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनका लागि प्राप्त हुने अनुदान रकमको लेखापरीक्षण प्रचलिन कानून बमोजिम गराउने दायित्व सम्बन्धित अनुदान प्राप्त गर्ने संस्थाको हुनेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाले लेखा परिक्षण पश्चात सोको जानकारी मन्त्रालयमा दिनुपर्नेछ।

## परिच्छेद-५

## विविध

**१४. सम्पर्क एकाइ रहनेः** यस कार्यक्रम संचालनका लागि मन्त्रालयको उपयुक्त प्रविधि शाखा सम्पर्क एकाइको रूपमा रहनेछ।

**१५. प्रचलित कानुनबमोजिम हुनेः** कार्यक्रम कार्यान्वयनको लागि यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ

१६. **<u>बाधा अड्काउ फुकाउन सक्ने</u>** : यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आइपरेमा त्यस्तो बाधा प्रचलित ऐन नियम अनुसार फुकाउने अधिकार सचिवमा हुनेछ।

## अनुसूची-१

## दफा ५ को उपदफा (१) सँग सम्बन्धित

## निवेदनमा संलग्न हुनुपर्ने विवरण

- कार्यक्रमको नामः
- आयोजक/ सहकार्य / साझेदार संस्था:
- कार्यक्रम सञ्चालन मिति र स्थानः
- लक्ष्य तथा उद्देश्यः
- कार्यक्रमको अपेक्षित उपलव्धीः
- अपेक्षित सहभागी संख्या:
- कार्यक्रम तालिका:
- लागत अनुमानः
- विदेशी विज्ञ / सहभागी टोली / सहआयोजक संस्था:
- सहभागी छनौटको विधिः

## अनुसूची-२

## दफा ८ को उपदफा (१) को (ख) सँग सम्बन्धित

## प्रतिवेदनमा संलग्न हुनुपर्ने विवरण

- कार्यक्रमको नाम:
- परिचय:
- कार्यक्रम सञ्चालन मिति र स्थान:
- आयोजक संस्था:
- सहकार्य वा साझेदार संस्था (भएमा):
- लक्ष्य तथा उद्देश्य:
- सारांशः
- सहभागी विवरण (कुल सहभागी संख्या, राष्ट्रिय/अन्तर्राष्ट्रिय सहभागी, विद्यार्थी/अनुसन्धानकर्ता/स्टार्टअप/उद्योगका प्रतिनिधि आदि):
- खर्चको विवरणः
- कार्यक्रम तालिका:
- Including publications, proceedings, policy briefs, prototypes, solutions, innovative projects सम्बन्धी विवरणः
- फोलोअप गतिविधि (Follow up activities like publications, future conferences, incubation, startup acceleration, other collaboration):
- निष्कर्ष:
- सुझाव:
- फोटो, प्रस्तुति सामग्री:
- अन्य: